# बिहेको चलन : सट्टा वा साठी

*झङ्कप्रसाद बाँस्कोटा*
*वर्ष ७६*

मेरो बिहे बाह्र वर्षको उमेरमा भएको थियो, मेरी दुलही एघार वर्षकी थिइन्। त्यति बेलाको चलनअनुसार त ढिलै भएको भन्नुपर्‍यो। ऊ बेला बिहेका लागि दश वर्ष नघाउन हुँदैन भन्थे। एक मानो खान पुग्नेलाई त लाटलुट गरेर दिन्थे चाँडै नै। चाँडै भएन भने पछि बिहे हुन गाह्रो हुन्थ्यो हाम्रो पहाडमा, किनभने 'गतिलो भएको भए त पहिल्यै बिहे भइहाल्थ्यो नि' भन्थे।

अलि गरिबगुरुवाको चाहिँ साठी रुपियाँ तिरेर दुलही किन्ने चलन थियो। त्यो रुपियाँ केटीको बाबुलाई दिनुपर्ने, नत्र सट्टाको चलन थियो। सट्टा वा साठी भनिन्थ्यो ऊ बेला। सट्टा भनेको आफ्ना छोरी दिने अनि छोराका लागि त्यही घरबाटै बुहारी ल्याउने चलन। अर्को तीनचम्के भन्ने चलन थियो– ठाडै सट्टापट्टा गर्न गाह्रो मान्नेले अपनाउने चलन। सट्टामा ज्वाइँ भन्नेलाई जेठान पनि भन्नुपर्थ्यो, तर तीनचम्के भनेको सट्टापट्टा त गर्ने तर अलि टाढा नातामा सट्टा गरिदिने चलन हो। एकातिरको अर्कोतिर, अर्कोतिरको अर्कोतिर अनि अर्कोतिरको आफूतिर।

त्यति बेला दाइजोपातको पनि केही चलन थिएन। खालि गाग्री, खड्कुलो, खुबै भए खाट एउटा र एउटा गाई केटीपट्टिका परिवारले हाल्थे। दाजुभाइहरूले एक-एकवटा पित्तले बाटा हाल्थे, परिवारको गोलअनुसार दश-बाह्रवटासम्म हुन्थे बाटा।

अँ, जन्तीको चलन भने थियो। फलानालाई दियो भने जन्ती धान्न सकिँदैन, पाँच-सात सय ल्याउँछ भन्थे। धाक लगाउन बाटामा हिँडेकालाई तानेर जन्ती लाने चलन पनि थियो। त्यसमाथि ठूला-ठालूको जन्तीमा त नडाके पनि खान पाइन्छ भनेर त्यसै जाने पनि थुप्रै हुन्थे। जन्तीलाई दक्षिणासक्षिणा दिने चलन थिएन। खाली घ्यू हालेको भात र छाँटाको दाल दिन्थे। लमीले पाउने पनि त्यही घ्यूभात थियो। छोरीको बिहे



गर्नुपर्छ भनेर तीन-चार वर्षदेखि धान जोगाएर राख्ने चलन थियो।

केटातिर पैसा खर्च त्यति हुन्थेन। बिजोर अङ्कमा लुगा लाने हो, बस- पाँच जोरदेखि बढीमा पन्ध्र जोर। केटीलाई साठी हातदेखि असी हातसम्मको फरिया लगाइदिने चलन थियो। चन्द्रशमशेरको पालामा पार भएका कमारी घर्तिनीहरू दुई-तीन दिन लगाएर फरिया चुन्याउँथे। उनीहरू चुन्याएर फर्र पारेर राख्थे। दश वर्षकी केटीलाई असी हात लामो फरिया, बोक्नै नसक्ने।

गहनामा कानमा ढुङ्ग्री, माडवारी, घाँटीमा तिलहरी, सक्नेपुग्नेहरूले घाँटीमा लगाउने चन्द्रहार जस्तै टीक बन्दी भनेको टाउकोमा लगाउने गहना अगाडि झुम्का भएको तीनतिरबाट बाँध्ने हुन्थ्यो। पछाडि सुनको फूल लगाउने चलन थियो पाँच-सात तोलाको। धनीले त गहना लगे-लगे गरिबले पनि इज्जत राख्न भनेर मागेर भए पनि लान्थे। त्यसरी लाँदा पत्यारले दिइन्थ्यो कुनै बहाल वा भाडा तिर्नुपर्थेन। हराएचाहिँ डाँड तिर्नुपर्थ्यो। कोही-कोहीचाहिँ बेइमानी गर्थे। त्यति बेलाको बिहेमा ज्योतिष गणनाचाहिँ हुन्थ्यो। हेराउँदा मिलेन भने बिहे नै हुँदैनथ्यो।

*(२०५६।४।१० मा गरिएको अन्तर्वार्तामा आधारित)*

## बिहेको चलन : सट्टा वा साठी

झङ्कप्रसाद बाँस्कोटा

| | |
|---|---|
| बिहे | wedding |
| चलन | custom |
| सट्टा | swapping, exchange |
| साठी | sixty |
| दुलही | bride |
| नघाउनु | to allow or cause to cross over something (नाघ्नु) |
| एक मानो खान पुग्ने | a person who has reached the age at which s/he can eat a whole mānā of food |
| लाटलुट गर्नु | to apply force |
| गतिलो | of good character |
| | |
| गरिबगुरुवा | the poor |
| तिर्नु | to pay |
| नत्र | otherwise |
| बुहारी | daughter-in-law |
| तीनचम्के | three-cornered |
| ठाडै | straight |
| सट्टापट्टा गर्नु | to swap, exchange |
| अपनाउनु | to adopt |
| ज्वाइँ | younger sister's husband |
| जेठान | wife's elder brother |
| टाढा नाता | distant relationship |
| | |
| दाइजोपात | dowry |
| गाग्री | metal vessel |
| खड्कुलो | large cooking vessel |
| खाट | bed |
| केटीपट्टि | the girl's side |
| पित्तले बाटा | brass vessel |
| गोल | size (lit., 'circle') |
| अनुसार | according to |
| | |
| जन्ती | wedding procession |
| फलाना | so and so, such and such a person |
| धान्नु | to manage to do |
| धाक लगाउनु | to brag, boast, impress others |
| बाटामा हिँडेका | passers-by |
| तान्नु | to pull, drag |
| नडाके पनि | despite not being invited |

| | |
|---|---|
| दक्षिणासक्षिणा | offerings, fees |
| छाँटाको दाल | dāl made from pre-soaked and husked lentils |
| लमी | the negotiator of a wedding match |
| जोगाउनु | to save for later |
| | |
| बिजोर अङ्क | an odd number |
| बढीमा | at most |
| जोर | set, pair |
| फरिया | skirt |
| चन्द्रशम्शेर | Chandra Shamsher Rana (r. 1901-29) |
| पार भएका | freed |
| कमारी | female slave |
| घर्तिनी | caste name given to female emancipated slave |
| चुन्याउनु | to gather up a skirt |
| फर्र पार्नु | to fold up |
| | |
| गहना | jewellery |
| ढुङ्री | 'ear-ornament' (Turner) |
| माडवारी | heavy ear-ornament |
| घाँटी | neck |
| तिलहरी | 'a particular kind of big gold ornament worn on a woman's breast' (Turner) |
| चन्द्रहार | 'a particular kind of gold ornament worn around the neck' (guess who) |
| टीक बन्दी | a particular kind of gold necklace |
| झुम्का | pendant |
| तोला | a measure of weight |
| इज्जत | honour |
| पत्यार | trust |
| बहाल | rent |
| भाडा | hire fee |
| डाँड | fine, penalty |
| बेइमानी | dishonour |
| ज्योतिष गणना | astrological calculation |